# सावधान ! म सपनाकोरली रहेछु

- भावना परिष्कृत सुनुवार

म सपनाकोरली रहेछु
निस्पट्टअन्धकारमानयाँबिहानीकुर्दै
म सपनानियाली रहेछु
धमिलो दिनलाई संग्लिएको हेर्ने चाहनामा

खै कहिले आउने हो पत्तो छैन
मेरो सपनाको त्यो स्वर्णीम दिन
घाममाबादलनपोतिएको दिन
मनमाअपमान न छेपिएको दिन

खै कहिले आउने होलाकालरात्रिचिर्दै
मेरोअन्धकार धरामा
सर्वहाराकालागि छ्याङ्ग खुलेर
हाँसेको स्वर्णीम दिन
सपनामा देखेको जस्तो सुन्दर दिन
कल्पनामाउनेको जस्तो प्रेमिलदिन
के पक्कै आउँछहोला त ?

युगौंदेखि विभेदको खाडलमाजाकिएर
सकस खप्दै खप्दै
उन्मुक्तिको चाहनामा कैयौं रात
निस्सासिँदै अँत्तालिएको मन
आफ्नो सह अस्तित्वको रक्षार्थ
आफ्नो पहिचानको खातिर
सम्मानजनकजिन्दगीको चाहमा
उत्पीडितआत्माको मुक्तिको निम्ति
म सपनाकोरली रहेछु

विभेदको विछिप्त रातमाचित्कार गर्दै
उपेक्षितहुँदै उत्पीडनको शिकार बन्दै
शोषणदमनको ज्वालामाभष्महुँदै
विभेदकारी जातीयछुवाछुतको कात्रो ओढेर
म सपनामाबिद्रोह कोरली रहेछु
मुक्तिको चाहनामा संघर्ष कोरली रहेछु
सावधान! म सपनाकोरली रहेछु
सावधान ! ! म सपनाकोरली रहेछु
सावधान ! !! म सपनाकोरली रहेछु
सपनाकोरली रहेछु

फार्नबोरो, लण्डन, युके